# बैठक संख्याः ४०

आज मिति २०७७/०२/२४ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा जिल्लागत **Covid-19 Crisis Management Center (CCMC)** को बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**विशेष उपस्थिति :**

| | | | |
|---|---|---|---|
| श्री मान बहादुर जि.सी. | प्रमुख | पोखरा महानगरपालिका, कास्की | सल्लाहकार |
| श्री वैन बहादुर अधिकारी क्षेत्री | प्रमुख | जिल्ला समन्वय समिति, कास्की | सल्लाहकार |

**उपस्थिति :**

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | संयोजक |
| श्री मदन जंग कार्की | प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण फूलबारी व्यारेक पोखरा | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | सदस्य |
| श्री भूमि पाठक | उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| डा. अर्जुन आचार्य | निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| डा. विनोद विन्दु शर्मा | निर्देशक | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

**आमन्त्रित :**

| | | |
|---|---|---|
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की |
| श्री श्रीनाथ पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री गुरुदत्त ढकाल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका, कास्की |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री लक्ष्मण बराल | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री दिपक के.सी. | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की |

# वैठक संख्याः ४०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

निर्णयहरु :

१. यस जिल्लाबाट उपचारका लागि काठमाण्डौ स्थित हेम्स अस्पतालमा लगि उपचारको क्रममा रहेका व्यक्तिको मिति २०७७/०२/२३ गते PCR Positive देखिएकाले निजको नजिकको सम्पर्कमा रहेका व्यक्तिहरुको स्वाव संकलन २०७७/०२/२५ गते गर्ने र PCR परिक्षणबाट Positive नतिजा आएका व्यक्तिहरुको नजिकको सम्पर्कमा रहेका व्यक्तिहरुको स्वाव संकलन, परिक्षण र नतिजा प्रकाशन स्वास्थ्यको दृष्टिकोणबाट कति दिनमा गर्न उपयुक्त हुन्छ सो समेत खुलाई यस सम्बन्धी सार्वजनिक सूचना स्वास्थ्य कार्यालयल कास्कीले जारी गर्ने व्यवस्था मिलाउने ।

२. बुदाँ नं १ बमोजिममा उल्लेखित व्यक्तिहरुसँग सम्पर्कमा आएका व्यक्तिहरुको स्वाव परिक्षणको नतिजा नआए सम्म त्यस्ता व्यक्तिहरुलाई अनिवार्य रुपमा होम क्वारेन्टाइनमा रहने व्यवस्था जिल्ला प्रहरी कार्यालय, कास्की र स्वास्थ्य कार्यालय कास्कीले आपसी समन्वयमा मिलाउने ।

३. क्वारेन्टिनमा रहेका व्यक्तिहरु मध्ये केही व्यक्तिहरुको PCR परिक्षणको नतिजा Positive देखिएमा उक्त व्यक्ति सँग सँगै आएका वा रहेका व्यक्तिहरुको PCR परिक्षण तोकिएको मापदण्ड बमोजिम गर्ने व्यवस्था स्वास्थ्य कार्यालय कास्कीले मिलाउने ।

४. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कोभिड-१९ को Dedicated अस्पताल तोकिएकोले Isolation मा राख्नु पर्ने व्यक्तिहरुको संख्या वढ्न सक्ने स्थितिमा थप व्यक्तिहरु राख्न सक्ने गरि क्षमता विस्तारका लागि तत्काल तयारी गर्न पोखरा स्वस्थ्य विज्ञान प्रतिष्ठानलाई निर्देशन दिने ।

५. कास्की जिल्लागत CCMC को निर्णय तथा संयोजन तथा नेपाली सेना भगवती दल गण फूलबारी व्यारेक, पोखरा र नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखाको व्यवस्थापनमा कास्की जिल्लामा Mega Disaster तथा कोभिड-१९(कोरोना भाइरस) बाट मृत्यु भएमा त्यस्ता व्यक्तिहरुको शव व्यवस्थापनका लागि Dead Body Management सम्बन्धि मिति २०७७/०२/०९ देखि ११ गते सम्म सम्पन्न ३ दिने तालिमको नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखाबाट प्राप्त भएको संक्षिप्त प्रतिवेदन वैठकमा प्रस्तुत भई छलफल हुँदा तालिम सम्पन्न गरि दक्ष जनशक्ति तयार पारेकोमा सम्बद्ध संस्थाहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

६. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन केन्द्र छाउनी काठमाण्डौ को मिति २०७७/०२/२३ को पत्र बैठकमा प्रस्तुत भई छलफल हुँदा सो पत्रसाथ संलग्न सुचि बमोजिमका कास्की ठेगाना भएका ८ जना व्यक्तिहरु मध्ये ५ जनालाई कृषि तालिम केन्द्र मालेपाटनमा रहेको क्वारेन्टिन स्थलमा र ३ जनालाई अन्नपूर्ण गाँउपालिकाले व्यवस्थापन गरेको क्वारेन्टिन स्थलमा राखि व्यवस्थापन गरिएको ।

७. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुवाट व्यवस्थापन भई तयारी अवस्थामा राखीएका क्वारेन्टाइन कक्षहरुको विवरण देहाय बमोजिम रहेको ।

कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण

| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | ३४८ | २० | १०३ | १२३ |
| २. | अन्नपूर्ण गाउँपालिका | ३६९ | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | १ | ७ | ८ |
| ४. | मादी गाँउपालिका | १२० | २ | १४ | १६ |
| ५. | रुपा गाँउपालिका | ५० | १ | १९ | २० |
| | जम्मा | ९०० | २४ | १४३ | १६७ |

# बैठक संख्याः ४०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

५. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को **Rapid Diagnostic Test** गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७७/०२/२४ सम्म गरिएको **RDT** को नमूना संकलन तथा नतिजाको विस्तृत विवरण देहाय बमोजिम रहेको ।

जिल्ला कास्की ( **Rapid Diagnostic Test** : मिति २०७७।०२।२४ गते सम्मको विवरण)

| क.सं. | RDT सञ्चालन गर्ने स्थानिय तह/निकाय | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।०२।२४ | | | | २०७७।०२।२३ सम्म | कुल जम्मा | |
| १ | पोखरा म.न.पा. | ० | ० | - | - | ९४३ | ९४३ | |
| २ | मादी गा.पा. | ० | ० | - | - | २१ | २१ | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | २ | २ | |
| ४ | रुपा गा.पा. | ० | ० | - | - | १०२ | १०२ | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | १६ | १६ | |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | २ | २ | - | - | ५७३ | ५७५ | |
| जम्मा | | १३ | १३ | - | - | १६५७ | १६५९ | |

६. जिल्लास्थित स्थानीय तहहरुमार्फत मिति २०७७।०२।२४ सम्म वितरण गरिएको राहतको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल (लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य |
| १. | पोखरा म.न.पा. | ३४६६४ | ५६८८७६ | ४५४९९ | ३४६६४ | २२७६१ | ० | २२७६१ | ० |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्राप्त गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको । | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ७३५ | १८९६० | १४३० | ७३५ | ७३५ | - | - | साबुन १ गोटा मसला १ पोका बेसार १ पोका |
| ४. | मादी गा.पा. | २०६२ | ५१५५० | २०६२ | २०६२ | ० | २०६२ | ० | ० |
| ५. | रुपा गा.पा. | ५५२ | १०८२५ | ६९७ | ४८८ | ५८० | - | - | - |
| जम्मा | | ३८०१३ | ६५०२११ | ४९६८८ | ३७९४९ | २४०७६ | २०६२ | २२७६१ | |

७. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।